


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २५ गते आइतबार ❑ 11 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## कांग्रेस सभापतिमा गगन थापा

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज

नेपाली कांग्रेसको सभापतिमा गगनकुमार थापा निर्वाचित हुनुभएको छ । कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गतको शुक्रबार भएको मतदानको शनिबार बिहान सम्पन्न मतगणनामा सभापतिका उम्मेदवार थापाले ७ हजार ५८४ मत ल्याएर विजयी हुनुभएको निर्वाचन संयोजक प्रेमबहादुर खड्काले जानकारी दिनुभयो ।

निर्वाचनमा सभापति थापाका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत प्राप्त गर्नुभयो । निर्वाचनमा सात हजार १३ मत खसेकामा ५४ मत बदर भएको थियो । विसं २०४६ को जनआन्दोलनका क्रममा कक्षा ९ मा पढ्दै गर्दा आन्दोलनमा सहभागी हुनुभएका थापा झण्डै चार दशकपछि कांग्रेसको नेतृत्वमा पुग्नुभएको हो । नवनिर्वाचित सभापति थापाले २०४६ सालमा बालकांग्रेसको सदस्यका रूपमा राजनीतिक यात्रा सुरु गर्नुभएको थियो । विसं २०४८ मा नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) काठमाडौँ वडा नं ३३ को सचिव बन्नुभएका उहाँ २०५१ सालमा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सदस्य, २०५३ सालमा सचिव र २०५५ सालमा सभापति निर्वाचित हुनुभएको थियो । विसं २०५५ मा त्रिभुवन विश्वविद्यालयको सिनेट सदस्य




बन्नुभएका थापा २०५७ सालमा नेविसङ्घको केन्द्रीय उपाध्यक्ष र २०५९ सालमा महामन्त्री बनेर विद्यार्थी राजनीतिलाई उचाइमा पुऱ्याउनुभएको थियो । विसं २०६१ मा राजाको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुभएका थापामाथि राजद्रोहको मुद्दासमेत लागेको थियो ।

अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले उहाँलाई 'आस्थाको बन्दी' घोषणा गरेको थियो । २०६२/६३ सालको जनआन्दोलनमा गणतन्त्र र लोकतन्त्रको पक्षमा सक्रिय भूमिका निर्वाह गरेपछि उहाँ राष्ट्रिय राजनीतिमा थप चर्चित बन्नुभएको थियो । विसं २०६४ को संविधानसभा निर्वाचनमा समानुपातिकतर्फबाट सभासद् बन्नुभएका थापा संविधान निर्माण, मौलिक हक, बालअधिकार, नागरिकता र ऊर्जा सुरक्षालगायत विषयमा सक्रिय रहनुभएको थियो । विसं २०७० मा काठमाडौँ क्षेत्र नम्बर ४ बाट निर्वाचित भएपछि संविधान मस्यौदा प्रक्रियामा योगदान पुऱ्याउनुभयो । विसं २०७१ मा कृषि तथा जलस्रोत समितिको सभापति बनेर कृषि, ऊर्जा र जलस्रोतसम्बन्धी नीतिगत बहसमा भूमिका खेल्नुभएको थियो ।

विसं २०७३ मा स्वास्थ्यमन्त्री बन्नुभएका थापाले आफ्नो नौ महिने कार्यकालमा स्वास्थ्य सेवा सुधार, स्वास्थ्य बिमा र चिकित्सा शिक्षा सुधारका विषयलाई प्राथमिकता दिनुभएको थियो । २०७४ र २०७९ सालको निर्वाचनमा काठमाडौँ क्षेत्र नं ४ बाट प्रतिनिधिसभामा निर्वाचित हुँदै उहाँले शिक्षा, स्वास्थ्य, रोजगारी, वातावरण र सुशासनका विषय संसदमा उठाउँदै आउनुभएको थियो । विसं २०७८ मा भएको कांग्रेसको १४औँ महाधिवेशनबाट महामन्त्री निर्वाचित थापाले पार्टीभित्र नीतिगत बहस र सङ्गठन सुधारको पक्षमा काम गर्दै आउनुभएको थियो । विसं २०८२ भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनपछि पार्टीभित्र युवा सहभागिता अगाडि बढाउनुपर्ने भन्दै पार्टीका अर्का महामन्त्री विश्वप्रकाश शर्मासँग मिलेर विशेष महाधिवेशन आह्वान गर्नुभएका थापा विशेष महाधिवेशनपछि पार्टी सभापति सर्वसम्मत निर्वाचित हुनुभएको थियो । विशेष महाधिवेशनबाट पार्टीको नेतृत्व लिनुभएका सभापति थापाले नौ महिनापछि पार्टीको १५औँ महाधिवेशन गरेर पुनः सभापति पदमा निर्वाचित हुनुभएको हो । राजनीतिसँगै अध्यापन, सञ्चार र सामाजिक अभियानमा समेत संलग्न उहाँले विद्यार्थी जीवनदेखि नै शिक्षा र सार्वजनिक सेवामा सुधारको वकालत गर्दै आउनुभएको थियो ।

थापाले युवालाई स्वदेशमै अवसर, सार्वजनिक शिक्षामा लगानी, स्वास्थ्य सेवामा समान पहुँच र सुशासनलाई उनले आफ्नो राजनीतिक यात्राका प्रमुख एजेन्डाका रूपमा अघि सार्दै आउनुभएको छ । विद्यार्थी राजनीतिबाट राष्ट्रिय नेतृत्वसम्मको उहाँको यात्रा नेपाली कांग्रेसको भावी दिशा, सङ्गठन सुधार र नयाँ पुस्ताको राजनीतिक सहभागितासँग जोडेर हेरिँदै आइएको छ ।

## बेगनास तालमा छैटौँ फिस फेस्टिभल हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज



'माछाको स्वाद, संस्कृतिको पहिचान, हाम्रो मौलिकताको सम्मान' भन्ने नारासहित पोखरा महानगरपालिका–३१ स्थित बेगनास तालमा छैटौँ बेगनास फिस फेस्टिभल तथा देउसीभैलो प्रतियोगिता हुने भएको छ ।

आगामी कात्तिक १३ देखि २३ गतेसम्म सञ्चालन हुने महोत्सवबारे शनिबार कसमस इन्टरनेसनल कलेजको सभाहलमा आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो । होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथको आयोजनामा हुने महोत्सवले बेगनास क्षेत्रको पर्यटन प्रवर्द्धन, स्थानीय माछाको बजारीकरण, मौलिक कला तथा संस्कृतिको संरक्षण र आर्थिक गतिविधि चलायमान बनाउने लक्ष्य राखेको छ । पत्रकार सम्मेलनमा एसोसिएसनका अध्यक्ष एवं महोत्सव संयोजक सुरेश लामिछानेले महोत्सवलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्ने तयारी भइरहेको जानकारी दिए। महोत्सवमा यस क्षेत्रमा उत्पादन हुने विभिन्न जातका माछा तथा मोती खेतीसम्बन्धी जानकारीमूलक प्रदर्शनी, माछाका परिकारको बिक्री, राष्ट्रिय कलाकारको साङ्गीतिक प्रस्तुति, पप कन्सर्ट, व्यापारिक मेला, देउसीभैलो प्रतियोगिता तथा विभिन्न कम्पनीका उत्पादनको प्रदर्शनी र बिक्री गरिने उनले बताए ।

बेगनास ताल आसपासका पर्यटकीय स्थलको प्रचारप्रसार गर्दै पर्यटकको आकर्षण बढाउने कार्यक्रमसमेत महोत्सवमा समावेश गरिने लामिछानेले जानकारी दिए। स्थानीय होटल तथा रेस्टुरेन्ट व्यवसायको प्रवर्द्धनसँगै समग्र क्षेत्रको पर्यटन विकासमा महोत्सवले योगदान पुऱ्याउने उनको विश्वास छ ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पोखरा महानगरपालिकाभित्र रहेका आठवटै तालहरू पर्यटकीय सम्भावनाका आधारमा व्यवस्थित रूपमा विकास गर्नुपर्ने बताए। उनले तालहरूको पहिचान र विशेषताअनुसार नामकरण तथा प्रवर्द्धन गर्दै पोखरालाई तालैतालको पर्यटकीय सहरका रूपमा विकास गर्न सुझाव दिए। साथै, एउटा ताललाई जलक्रीडा (वाटर स्पोर्ट्स) केन्द्रका रूपमा विकास गर्न सके पानीमा रमाउन चाहने पर्यटक आकर्षित गर्न सकिने उनको भनाइ थियो। पर्यटन व्यवसायीबीच सहकार्य र एकतामार्फत समग्र कास्कीको विकासमा योगदान दिनसमेत उनले आग्रह गरे ।

एसोसिएसनका संस्थापक अध्यक्ष दुर्गाप्रसाद अधिकारीले २०७१ सालदेखि सुरु भएको फिस फेस्टिभलको पाँचौँ संस्करणपछि कोभिड–१९ का कारण लामो समयसम्म आयोजना गर्न नसकिएको बताए। कृषि, पर्यटन र शैक्षिक संस्थालाई जोड्दै लोप हुँदै गएको मौलिक देउसीभैलो संस्कृतिको संरक्षण, विभिन्न जातका माछाका परिकारको प्रवर्द्धन र स्थानीय अर्थतन्त्र चलायमान बनाउने उद्देश्यले छैटौँ संस्करण आयोजना गर्न लागिएको उनले स्पष्ट पारे । पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले लेखनाथ क्षेत्रको आर्थिक गतिविधि बढाउन र पर्यटकको बसाइ अवधि लम्ब्याउन यस्ता महोत्सव उपयोगी हुने बताए। स्थानीय माछाका परिकार तथा रैथाने खानाको प्रवर्द्धनमा महानगरपालिका सहयोग गर्न तयार रहेको उल्लेख गर्दै उनले गाउँ र सहरबीच सहकार्य गरेर उत्पादन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मौसम सुधार भएपछि धौलागिरि आरोहण पुनःसुरु

पोखरापत्र संवाददाता
कास्की, २४ असोज



मौसममा सुधार आएपछि धवलागिरि हिमालको चालु शरद् यामको आरोहण पुनःसुरु भएको छ । प्रतिकूल मौसमका कारण असोजको पहिलो साता आधार शिविरबाट फर्किएको आरोहण टोली मौसममा सुधार आएसँगै पुनःआधार शिविर पुगेका हुन् ।

विश्वको सातौँ (८,१६७ मिटर) अग्लो धौलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका–४ मुदीको भूगोलमा पर्छ । डोरी टाँगने (रोप फिक्सिङ) टोली क्याम्प दुईभन्दा करिब ४०० मिटरमाथि पुगेको सेभेन समिट ट्रेकका प्रबन्ध निर्देशक थानेश्वर गुरागाईंले बताउनुभयो । "हाम्रो कम्पनीका नेपाली र विदेशी १४ जनालाई प्रतिकूल मौसमका कारण हेलिकप्टरबाट उद्धार गरेर असोज ८ गते पोखरा ल्याएका थियौँ", उहाँले भन्नुभयो, "मौसम सुधार भएपछि अक्टोबर १ मा पोखराबाट हिँडेको टोली आधार शिविरबाट चुचुरोतर्फ अघि बढेको छ ।" असोज ८ देखि ११ गतेसम्म अविरल वर्षासँगै भारी हिमपात हुँदा आधार शिविर हिउँले पुरिएपछि पर्वतारोहीको टोली आरोहण स्थगित गरी फर्किएको थियो । मौसममा सुधार आएसँगै आधार शिविरमा खटिएको टोलीले हिउँ हटाउने, शिविर व्यवस्थित गर्ने र आरोहणका लागि आवश्यक तयारी पूरा गरेपछि पुनःआरोहण सुरु गरेको टोली प्रमुख लाक्पा शेर्पाले सामाजिक सञ्जालमार्फत जानकारी दिनुभएको छ ।

"हाल हिउँ जमेर कडा र स्थिर अवस्थामा रहेकाले हिँड्डुल गर्न अनुकूल छ", उहाँले भन्नुभयो, "भारी हिमपातपछि अस्थिर हिउँको ठूलो हिस्सा हटेकाले हिमपहिरोको जोखिम पनि अहिले तुलनात्मक रूपमा कम छ ।" शरदयाममा धवलागिरि हिमाल आरोहणका लागि चार समूहका २६ पुरुष र १० महिला गरी ३६ जनाले अनुमति लिएका पर्यटन विभागका शाखा अधिकृत सुधार रेग्मीले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । धौलागिरि आरोहण अनुमतिवापत रु ८२ लाख ४२ हजार ५० दस्तुर सङ्कलन भएको पर्यटन विभागले जनाएको छ । पर्वतारोहीहरूको समन्वय गर्दै आउनुभएका म्याग्दीको दानाका व्यवसायी इन्द्रसिंह शेरचनले अन्य कम्पनीका पर्वतारोहीको टोली पनि धौलागिरिको आधार शिविर पुगिसकेको बताउनुभयो ।

गत वसन्तयाममा धौलागिरि आरोहणका लागि दुई समूहका आठ महिलासहित १७ जनाले अनुमति लिएका थिए भने । छिनछिनमै परिवर्तन भइरहने मौसम धवलागिरि आरोहणको प्रमुख चुनौती हो । अन्य हिमालको तुलनामा धवलागिरि आरोहण बढी जोखिमपूर्ण, कठिन र साहसिक मानिन्छ । सन् १९६० मे १३ मा म्याक्स आइसेलिनको नेतृत्वमा रहेको स्वीस–अस्ट्रियाली संयुक्त आरोहण दलले धौलागिरि हिमालको शिखरमा पहिलोपटक पाइला राखेपछि यहाँ आरोहण सुरु भएको थियो । आरोहण सुरु भएको ६६ वर्षको अवधिमा ७३३ जना पर्वतारोही धौलागिरि शिखरमा पुगिसकेको विवरण छ ।

धवलागिरिमा हिमाल आरोहणका साथै पर्यटकहरू 'राउन्ड धवलागिरि' पदयात्राका लागि पनि जाने गर्छन् । बगर, सल्लाघारी, इटाली आधार शिविर, जापानी आधार शिविर, धवलागिरि आधार शिविर, हिटिनी भ्याली आधार शिविर र याकखर्क हुँदै मुस्ताङको मार्फामा पुगेर नौ दिनमा टुङ्गिन्छ ।

## पोखरामा विमानस्थल आसपासमा चंगा र ड्रोन उडाउन निषेध

पोखरापत्र संवाददाता
पोखरा, २४ असोज

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा विमानस्थल (पुरानो विमानस्थल)को हवाई आवागमन हुने तथा आसपासको क्षेत्रमा चङ्गा, ड्रोन, बेलुन उडाउन तथा लेजर लाइट प्रयोग गर्न निषेध गरिएको छ ।

विमानको उडान सुरक्षामा गम्भीर असर पर्ने भएकाले उल्लेखित गतिविधि नगर्न सार्वजनिक रूपमा सबैमा सूचित गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख जगन्नाथ निरौलाले जानकारी दिनुभयो ।

विमानस्थल आसपासका क्षेत्रमा जथाभावी फोहोरमैला फाल्ने तथा नहरमा मृत पशुपन्छी बगाउनेजस्ता गतिविधिले चराचुरुङ्गी र वन्यजन्तुको गतिविधि बढाई विमानको उडान तथा अवतरणमा असर पार्न सक्ने हुँदा फोहरमैला तथा मृत पशुपन्छीको उचित व्यवस्थापन गर्न आग्रह गरिएको छ । सूचनाको अवज्ञा गरी यस्ता गतिविधि गरेको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही हुने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्यन कार्यालयले जनाएको छ ।



**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ। - विदुरनीति

## सम्पादकीय

# लोकतन्त्रको मूल्य मान्यता विपरित भारतीय सरकार

भारतमा शनिबार कङ्ग्रेस जनता पार्टी (सीजेपी) को अगुवाईमा भएको आन्दोलनका दौरान ठूलो संख्यामा प्रदर्शनकारीलाई प्रहरी पक्राउ गरेको छ। भारतीय सञ्चारमाध्यमहरुले जनाए अनुसार ४ हजारभन्दा धेरै प्रदर्शनकारी नियन्त्रणमा राखिएको छ मतदाता संशोधन प्रक्रिया अपारदर्शी भएको भन्दै प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग गरेर प्रदर्शन सुरु भएको हो। सम्भावित प्रदर्शनलाई लिएर शुक्रबार रातिदेखि नै नयाँ दिल्ली आसपास सुरक्षा व्यवस्था निकै कडा पारिएको थियो। गत जुन-जुलाईमा सीजेपीको आन्दोलनकै दबाबमा तत्कालीन शिक्षामन्त्री धर्मेन्द्र प्रधान राजीनामा गर्न बाध्य भएका थिए।

अक्टोबर २ र ३ अक्टोबरमा मुम्बई र दिल्लीमा व्यापक जनप्रदर्शन भएपछि सरकार भस्कियो। उक्त आन्दोलनका क्रममा परिस्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रु ग्याँस प्रहार तथा लाठीचार्ज गरेको थियो। ३ अक्टोबरमा दिल्लीको जन्तर-मन्तरमा आफ्नो सम्बोधनका क्रममा सीजेपी संस्थापक अभिजित दिपकेले एक सातापछि थप बृहद प्रदर्शन गर्ने घोषणा गरे। तर, सरकारले यस आन्दोलनका लागि अनुमति दिएन। यसका बाबजुद दीपकेले आफ्ना शुभेच्छुकलाई आन्दोलनमा उत्रन आग्रह गरे। विपक्षी दल र विद्यार्थी संगठनहरुले पनि विगतमा भैं उनलाई समर्थन गरे। त्यसपछि आन्दोलनलाई विफल पार्न सरकारले प्रदर्शनकारीहरुलाई आन्दोलन सुरु हुनअघि नै दिल्ली आउनबाट रोक्ने र आएकाहरुलाई हिरासतमा राख्ने रणनीति अख्तियार गऱ्यो। शनिबार आवागमन र भेला हुन निकै कडाई गरिएको थियो। आन्दोलन विफल तुल्याउने पूर्व योजनाअनुसार शुक्रबार साँझदेखि नै दिल्लीमा ४५ वटा मेट्रो स्टेशन बन्द गरिएको थियो। स्टेशनहरुमा दिल्ली प्रहरी र र्‍यापिड एक्सन फोर्स (आरएएफ) का जवानहरू तैनाथ गरिएका थिए।

मोदी सरकारले अघोषित संकटकाल लगाएको अनुभव विपक्षी दलका नेताको छ। शनिबार साँझसम्म भन्डै ४० हजार प्रहरी दिल्लीमा परिचालन भएका थिए। विभिन्न स्थानमा ड्रोन निगरानी, गस्ती र आवागमनमा कडाइ गरिएको थियो। प्रहरीले नयाँ दिल्ली जिल्लालाई २० वटा अपरेशनल जोनमा विभाजन गर्दै पक्राउ परेकाहरूलाई राख्न विभिन्न स्थानहरु तोकेको थियो। सरकारले पुर्व पदाधिकरी पक्राउ गरेर सरकार विपक्षीका मागप्रति अनुदार भएको घटनाक्रमले प्रष्ट पारेको छ। जसअन्तर्गत छत्रसाल स्टेडियम, राजीव गान्धी स्टेडियम, यमुना स्पोर्ट्स कम्प्लेक्स, सुरजमल स्टेडियम र दौलतपुर तथा पन्डुवालका सामुदायिक भवनहरूलाई अस्थायी हिरासत केन्द्र बनाइएको थियो। जन्तर-मन्तर आसपास प्रहरीले ब्यारिकेड लगाएको थियो। तर यसका बाबजुद पनि विरोध प्रदर्शन रोकिएन।

दिल्लीमात्रै नभएर शनिबार भारतका विभिन्न शहरमा प्रदर्शन भएका छन्। शनिबार सीजेपीका संस्थापक अभिजित दिपके आन्दोलनको नेतृत्व गर्न शनिबार मुम्बईबाट नयाँ दिल्ली आउनेक्रममा विमानस्थलबाटै पक्राउ परे। विमानभित्रै पसेर प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो। त्यस्तै, सीजेपीका प्रवक्ता सौरभ दास र आशुतोष रांकालाई दिल्ली प्रहरीले विमानस्थलबाटै नियन्त्रणमा लिएको थियो। उनीहरुलाई राखिएको हिरासतस्थलका विषयमा प्रहरीले कुनै पनि जानकारी सार्वजनिक गरेको छैन।

शनिबारै आम आदमी पार्टीका संयोजक तथा दिल्लीका पूर्व मुख्यमन्त्री अरबिन्द केजरीवाल पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री ममता बेनर्जी, केरलका पूर्व मुख्यमन्त्री पिनाराई विजयन, अखिल भारत विद्यार्थी संगठन (आइसा) की राष्ट्रिय अध्यक्ष नेहा बोरा, युट्युबर ध्रुव राठीलगायत प्रदर्शनकारी र अभियन्ताहरुलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दिपके पक्राउ परेपछि शनिबार सीजेपीले एक प्रि-रेकर्डेड भिडियो सन्देश जारी गरेको थियो। लोकतान्त्रिक मूल्य र मान्यता बिर्सेर मोदी सरकारले जसरी धरपकड गरेको छ त्यसले सरकार निरंकुशता तर्फ उन्मुख भएको देखाउँछ। शान्तिपूर्ण प्रदर्शन गर्न पाउने र संचारको अधिकार खोसेर इन्टरनेट बन्द, प्रदर्शनमा रोकले निरंकुशताको भल्काउँछ। १३ करोड मतदाताको मत काटिनु मानवअधिकार र राजनीतिक अधिकार खोस्नु हो। लोकतान्त्रिक मुलुकले निरंकुशताको बाटो आफैं मासिने बाटोको यात्रा हो।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक भमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : भमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविस्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जिपी कोइराला अस्पताल तीन सय शैयामा स्तरोन्नति गरिँदै

पोखरापत्र संवाददाता

दमौली, २४ असोज

शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई तीन सय शैयामा स्तरोन्नति गरिने भएको छ। वातावरणीय प्रभाव मूल्याङ्कन तयारीका लागि आगामी कात्तिक २८ गतेसम्म सुभाव दिन सकिने जनाइएको छ।

देशको प्रभावकारी श्वासप्रश्वास उपचार केन्द्र बनाउने लक्ष्यका साथ अस्पताललाई विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको अस्पतालका निमित्त कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले रासससलाई जानकारी दिनुभयो। हाल अस्पतालको स्वीकृत शय्या एक सय रहेकामा यसलाई स्तरोन्नति गरी तीन सय शय्या विस्तार गरिनेछ। अस्पताल भवन र परिसर १२ हजार ५०० वर्गमिटरमा निर्माण हुनेछ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको स्मृतिमा स्थापना भएको श्वासप्रश्वाससम्बन्धी देशकै एकमात्र विशिष्टिकृत अस्पतालमा त्यहाँ पचास जनरल वार्ड मात्र सरकारले राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको हो।

अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिका सहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाबाट सेवाग्राही आउने गरेका छन्।

# पहिरोका कारण महभिर गाउँ विस्थापित

पोखरापत्र संवाददाता

म्याग्दी, २४ असोज

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ मा रहेको महभिर गाउँ पहिरोका कारण विस्थापित भएको छ। ३० परिवारको बसोबास रहेको महभिरका सबै बासिन्दा पहिरोका कारण गाउँ छोड्न बाध्य भएका हुन्।

महभिरका बासिन्दासमेत रहनुभएका अन्नपूर्ण गाउँपालिका-८ का वडाध्यक्ष खमबहादुर गर्बुजाले पहिरो प्रभावितहरू सिरुवारीमा अस्थायी शिविर बनाएर बस्न थालेका जानकारी दिनुभयो। "बस्तीदेखि तल ठूलो पहिरो छ, गाउँको बीचबीचमा पनि पहिरोले चिराचिरा पारेको छ। घरगोठका पर्खाल, आँगन चर्किएर बस्न सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "गाउँनै पहिरोले बगाउने जोखिम भएकाले सिरुवारीमा अस्थायी शिविर बनाएर राखेका छौं।"

महभिरमा रहेको कक्षा ५ सम्मको पठनपाठन हुने चन्द्र आधारभूत विद्यालयलाई पनि सिरुवारीमा सारिएको वडाध्यक्ष गर्बुजाले बताउनुभयो। यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछि महभिरमा पहिरो सिर्जना भएको हो। वडाको विपद् व्यवस्थापन समितिले तयार पारेको प्रतिवेदनअनुसार महभिरसहित अन्नपूर्ण-८ वडामा पर्ने साविक राम्चे गाविसका ५२ परिवारका १२६ जना विस्थापित भएका छन्। पहिरोले घर बगाउँदा धारापानीमा सविन चोचाङ्गीको मृत्यु भएको र मनोज चोचाङ्गी बेपत्ता भएका छन्। ओखलखर्क झुम्रेखोरमा तीन, धारापानीमा चार, गाउँफाँटमा ११, थलथलेमा तीन र चिनारमा दुई घरका परिवार विस्थापित भएका काँफलडाँडाका अगुवा रवी गर्बुजाले जानकारी दिनुभयो। विस्थापितहरुलाई गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारले उपलब्ध गराएको टेन्टमा शिविर बनाएर राखिएको छ। नागी र राम्चेको बिचमा पहिरो गएकाले पहिरो प्रभावित बस्न थालेको सिरुवारी जोड्ने सडक यातायात अवरुद्ध छ। विस्थापितलाई खाद्यान्न र राहत सामग्री हेलिकप्टरमार्फत ढुवानी गरिएको छ। सवारीसाधनमार्फत बेनीदेखि मल्लाज, फलामेडाडा हुँदै नागी पुर्‍याइएको राहत सामग्री स्थानीयवासीले पिठ्युमा बोकेर ढुवानी गर्ने गरेका छन्। पहिरोका कारण महभिर गाउँलाई स्थानान्तरण गर्नुपर्ने अवस्था आएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो। उहाँका अनुसार तत्काललाई अस्थायी शिविरमा रहेका विस्थापितहरुलाई दीर्घकालीन रूपमा स्थानान्तरण र पुनःनिर्माण तथा पुनःस्थापनाका लागि प्रदेश र सङ्घीय सरकारसँग प्रस्ताव गरिएको छ।

# बेंसीसहर-चामे सडक स्तरोन्नति गर्न एक अर्ब लाग्ने

पोखरापत्र संवाददाता

लमजुङ, २४ असोज

बाढीपहिरोले क्षति पुऱ्याएको बेंसीसहर-चामे खण्डका संरचना, पक्की सडक तथा पुल निर्माणका लागि रु एक अर्ब आवश्यक पर्ने भएको छ। बेंसीसहरबाट चामेसम्मको सडकको समग्र स्तरोन्नतिका लागि भने रु तीन अर्ब लागत अनुमान गरिएको छ।

डुम्रे-बेंसीसहर-चामे सडक आयोजनाले दुवै कामका लागि छुट्टाछुट्टै प्रस्ताव सम्बन्धित मन्त्रालयमा पठाएको आयोजना प्रमुख सतीश सुवेदीले बताउनुभयो। उहाँका अनुसार असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले ६५ किलोमिटर लामो बेंसीसहर-चामे सडकका ३५ भन्दा बढी स्थानमा क्षति पुऱ्याएको थियो। तीमध्ये छ स्थानमा सडकको ट्र्याक क्षतिग्रस्त भएको थियो। रामबजार, नार्सों गाउँपालिका-३ को खोत्रो तथा मनाङको कोतोलगायत स्थानमा बढी क्षति पुगेको आयोजना प्रमुख सुवेदीले बताउनुभयो। विभिन्न स्थानका काठे पुलसमेत बगाएको थियो। बाढीपहिरोका कारण छ दिनसम्म सडक अवरुद्ध भएको थियो। सडक खुलाउन विभिन्न स्थानमा नयाँ ट्र्याक खोल्नुपरेको थियो। "नार्सों गाउँपालिका-३ स्थित खोत्रोमा माथिबाट खसेका ठूला ढुङ्गा बम ब्लास्टिङ गरी हटाएपछि सडक सञ्चालनमा ल्याइएको थियो। हाल सडक सञ्चालनमा रहे पनि विभिन्न स्थानमा मर्मत तथा स्तरोन्नति गर्नुपर्ने छ", आयोजना प्रमुख सुवेदीले भन्नुभयो।

बाढीपहिरोबाट क्षतिग्रस्त स्थानमा सडक सुधार गरी पक्की सडक निर्माण तथा बगाएका काठे पुलको स्थानमा पक्की पुल बनाउन रु एक अर्ब आवश्यक पर्ने अनुमान गरिएको उहाँले जानकारी दिनुभयो। सोहीअनुसार बजेट माग गर्दै केही दिनअघि सम्बन्धित मन्त्रालयमा प्रस्ताव पठाइएको सुवेदीले उल्लेख गर्नुभयो। हाल उपलब्ध स्रोतसाधनबाट सडकका विभिन्न स्थानमा सामान्य मर्मत तथा स्तरोन्नति भइरहेको उहाँले बताउनुभयो। बाढीपहिरोपछि सडक खुलाउन आयोजना, स्थानीय तह तथा जलविद्युत् आयोजनाका डोजरलगायत उपकरण परिचालन गरिएको थियो।

# राष्ट्रिय वहुउद्देश्यीय सहकारीको २४ औं वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता

पोखरा, २४ असोज




पोखरा, २४ असोज। राष्ट्रिय वहुउद्देश्यीय सहकारी संस्था लि लिमिटेड पोखरा रामबजारको २४ औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ।

उक्त सभाका प्रमुख अतिथि पूर्व मन्त्री एवं संस्थाका संरक्षक उत्तमबहादुर पुनले संस्थाप्रति संचालकहरु तथा शेयरधनीहरु सकारात्मक रहेको र संस्थाप्रति अझ वढि सक्रिय हुनुपर्नेमा जोड दिए।

सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष पूर्ण प्रसाद शर्माले संस्थाको शेयर वर्षेनी वृद्धि हुदै जानु सकरात्मक भएको बताए। लेखा सुपरीवेक्षक समितिको प्रतिवेदन समितिका संयोजक प्रताप पुनले प्रस्तुत गर्दै संस्थाको कार्यदिशा सकारात्मक रहेको बताए।

संस्थाका व्यवस्थापक भरत पुनले कार्यक्रम संचालन गरेका थिए भने संस्थाको संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचनका लागि सभारण सभाले दीपेन गुरुङको अध्यक्षतामा पाँच सदस्यीय संचालक समिति निर्विरोध गठन गरेको छ। त्यस्तै समितिको उपाध्यक्षमा सीता दाहाल, सचिव कमला पुन, कोषाध्यक्षमा नानी मैया पुन र सदस्यमा टेक बहादुर पुन रहेका छन्।

त्यस्तै लेखा सुपरीवेक्षण समितिमा प्रताप पुन संयोजक तथा सदस्यहरुमा गणेश प्रसाद गौतम र नेहा पालिखे निर्विरोध चयन भएका छन्।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः वि. स. २००६/०८/२९ गते

स्वर्गारोहणः वि.स. २०८३/०६/१३ गते

**स्वः अप्सरा त्रिपाठी**

यस पोखरापत्र राष्ट्रिय दैनिकका शुभचिन्तकहरु प्राध्यापक युवराज त्रिपाठी, लोकनाथ त्रिपाठी, विष्णु प्रसाद (गोपाल) त्रिपाठी र डा. प्रविण त्रिपाठीकी ममतामयी आमा **अप्सरा त्रिपाठी** को ७७ वर्षको उमेरमा भएको असामयिक निधनमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**पोखरापत्र राष्ट्रिय दैनिक परिवार**

**पोखरा-९, नयाँबजार**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः वि. स. २००६/०८/२९ गते

स्वर्गारोहणः वि.स. २०८३/०६/१३ गते

**स्वः अप्सरा त्रिपाठी**

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३, हिमाली मार्ग निवासी यस हिमाली टोल विकास संस्थाका सल्लाहकार श्री महेश्वर त्रिपाठीकी श्रीमती एवम् संस्थाका सदस्यहरु युवराज त्रिपाठी, लोकनाथ त्रिपाठी, विष्णु प्रसाद (गोपाल) त्रिपाठी र डा. प्रविण त्रिपाठीकी ममतामयी आमा **अप्सरा त्रिपाठी** को ७७ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सम्पूर्ण हिमाली टोलवासीहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं। यस दुःखद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै पिडाको यस कठिन घडीमा शोकसन्तप्त परिवारजनहमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

रनध्वज गुरुङ
अध्यक्ष एवम्

**हिमाली टोल विकास संस्था परिवार**

**हिमाली मार्ग पोखरा-१३, कास्की**

# एमाले केन्द्रीय कमिटीका दश मनोनीत

**रासस**
काठमाडौं, २४ असोज

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को शनिबारको स्थायी कमिटीको बैठकले विभिन्न जिल्लाका १० नेतालाई केन्द्रीय कमिटी सदस्यमा मनोनयन गर्ने निर्णय गरेको छ।

सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शनिबार भएको बैठकले सो मनोनयन गरेको हो। महासचिव शङ्कर पोखरेलद्वारा जारी विज्ञप्तिकाअनुसार मनोनीत हुनेमा सिर्जना राई (भोजपुर), सावित्रा अर्याल (रूपन्देही), इन्दु कडरिया विष्ट (कञ्चनपुर), सीता पङ्गेनी (नवलपुर), सीता अधिकारी (पाल्पा), डा. पुष्पा केसी भण्डारी (कास्की), धर्मनाथप्रसाद साह (सिरहा), तेजमान कन्दङ्वा (तेह्रथुम), टङ्क आङ्बोहाङ (ताप्लेजुङ), नवीन रोक्का (रोल्पा), मीनप्रसाद गुरुङ (स्याङ्जा), डबल पाण्डे (दोलखा) र तेजेन्द्र केसी (रूपन्देही) हुनुहुन्छ । यही असोज २२ गते सुरु भएर शनिबार सकिएको बैठकले आगामी मङ्सिर पहिलो साता राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको छ। राष्ट्रिय भेलामा प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष र सबै तहका जनप्रतिनिधिको सहभागिता रहने एमालेले जनाएको छ । बैठकले पार्टीका वडा कमिटीका अधिवेशन आगामी मङ्सिर २६ गते र गाउँपालिका तथा नगरपालिकास्तरीय कमिटीका अधिवेशन पुस ४ गते सम्पन्न गर्ने निर्णय गरेको छ। बैठकको आरम्भमा पार्टीको केन्द्रीय कमिटीको तेस्रो बैठकबाट वरिष्ठ नेतामा मनोनीत हुनुभएकी विद्यादेवी भण्डारीले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको थियो।

बैठकले मधेस प्रदेशसभामा पार्टीका सभासद् जैनब खातुनको निधनपछि रिक्त भएको समानुपातिकतर्फको स्थानमा नाजिमा खातुनलाई मनोनयन गरी निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरेको छ। त्यसैगरी, जिल्ला अध्यक्ष पद रिक्त रहेका १३ जिल्लामा सम्बन्धित जिल्ला तहकै निर्णयबाट अध्यक्ष तोकी सङ्गठन कमिटीमा रूपान्तरण गर्ने र अनुमोदनका लागि माथिल्लो कमिटीमा पठाउने निर्णय बैठकले गरेको विज्ञप्तिमा जनाइएको छ।

# भोटेकोशी बाढीमा एक हजार ४५७ जनाको मृत्यु

**रासस**
काठमाडौं, २४ असोज

भोटेकोशी बाढीमा एक हजार ४५७ जनाले ज्यान गुमाएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार यो शनिबार बिहान ६:०० बजेसम्मको विवरण हो। बाढीमा गम्भीर घाइते भएका दुई जनाको काठमाडौँमा उपचारका क्रममा मृत्यु भएको जनाउँदै उक्त कार्यालयले रसुवामा २३६, नुवाकोटमा २०५, धादिङमा ७३, चितवनमा ३६९, गोरखामा ८०, तनहुँमा ३८, नवलपरासी पूर्वमा २३२ र नवलपरासी पश्चिममा २२२ जनाको मृत्यु भएको बताएको हो।

सङ्कलन भएका शवको पहिचानका लागि डिएनए नमुना सङ्कलनलगायत प्रक्रिया पूरा गरी हालसम्म एक हजार ३३५ शव व्यवस्थापन गरिएको छ । एक हजार ४३८ शवको पहिचान हुन सकेका छैन। बाढीपछि चार हजार ७२० जना बेपत्ता छन्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. २००६/०८/२९ गते

स्वर्गारोहणः
वि.स. २०८३/०६/१३ गते

**स्वः अप्सरा त्रिपाठी**

यस श्री जनकल्याण समिति पोखरा–१३, का आजिवन सदस्य महेश्वर त्रिपाठीकी धर्मपत्नी साथै छोराहरु आजिवन सदस्य तथा सल्लाहकार युवराज त्रिपाठी, आजिवन सदस्य विष्णु प्रसाद त्रिपाठी, शुभचिन्तक लोकनाथ त्रिपाठी, डा. प्रविण त्रिपाठी एवम् छोरीहरु चन्द्रकला भण्डारी र मिना न्यौपानेका ममतामयी माता सामाजिक धार्मिक ब्यक्तित्व **अप्सरा त्रिपाठी** को ७७ वर्षको उमेरमा भएको असामयीक निधनले हाम्रो यस जनकल्याण समिति परिवार अत्यन्तै मर्माहित र स्तबध भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

शान्ति देवी के.सी. पौडेल
महासचिव

एवम्

शिव बहादुर के.सी.
अध्यक्ष

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, बाँझापाटन**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. २००६/०८/२९ गते

स्वर्गारोहणः
वि.स. २०८३/०६/१३ गते

**स्वः अप्सरा त्रिपाठी**

हाम्रा आदरणीय दाजुहरु प्राध्यापक युवराज त्रिपाठी, लोकनाथ त्रिपाठी, विष्णु प्रसाद (गोपाल) त्रिपाठी, दिदी चन्द्रकला त्रिपाठी भण्डारी, भाइ डा. प्रविण त्रिपाठी र बहिनी शुशिला (मिना) त्रिपाठीकी ममतामयी आमा **अप्सरा त्रिपाठी** को ७७ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवम् स्तबध भएका छौं। यस दुःखद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथैं पिडाको यस कठिन घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

कुमार के.सी.
**दुर्गा देवी सप्लायर्स**
**(रंगरोगनको पसल)**
**पोखरा-१३, बाँझापाटन**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. २००६/०८/२९ गते

स्वर्गारोहणः
वि.स. २०८३/०६/१३ गते

**स्वः अप्सरा त्रिपाठी**

हाम्रा प्रात स्मरणीय श्रीमती/आमा/हजुरआमा/दिदी **अप्सरा त्रिपाठी** को ७७ वर्षको उमेरमा गोलोक प्रस्थान हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ती तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखी सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**पतिः महेश्वर त्रिपाठी**

**छोरा/बुहारीः**
युवराज त्रिपाठी/ रेखा गुरुङ त्रिपाठी
लोकनाथ त्रिपाठी/ भागिरथी (उमा) ज्ञवाली त्रिपाठी
विष्णु प्रसाद (गोपाल) त्रिपाठी/ तेजु बास्तोला त्रिपाठी
डा. प्रविण त्रिपाठी/ अस्मिता पौडेल त्रिपाठी

**छोरी/ज्वाइँ**
चन्द्रकला त्रिपाठी भण्डारी/ चोक प्रसाद भण्डारी
शुशिला (मिना) त्रिपाठी न्यौपाने/वसन्त न्यौपाने

**नातिनातिनीः**
दक्षिणा भण्डारी अधिकारी/ माधव अधिकारी
डा. विनय भण्डारी/ डा. सुस्मिता तिमिल्सिना
ई. अनुयम संगम, डा. बेनुशिला त्रिपाठी, अनुपम संगम, अनुराज त्रिपाठी, सोफिया न्यौपाने, साजिया न्यौपाने, अभिषेक त्रिपाठी, शिवम् न्यौपाने, प्रश्मी त्रिपाठी, आरुसी त्रिपाठी, अभिनव त्रिपाठी

**पनातिः**
दृष्यम अधिकारी
देब्यम भण्डारी

**माइती तर्फः भाइ/बुहारी**
नारायण प्रसाद अधिकारी/ उमा अधिकारी
स्व. टिकाराम अधिकारी/ जमुना अधिकारी

**बहिनी/ज्वाइँ**
शोभिता भण्डारी/ स्व. विष्णु भण्डारी
स्व. मधु पाण्डे/ स्व.पुष्पराज पाण्डे
स्व. जानकी पौडेल/ विष्णु प्रसाद पौडेल

**एवम् त्रिपाठी परिवार**

पूनश्चः मिति २०८३ असोज २५ गते आइतबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं। समयः बिहान ८ बजेदेखि दिउसो ३ बजेसम्म स्थानः पोखरा-१३, हिमाली मार्ग निवास